बैठक संख्या: ८।२०८२-२०८३
बैठक मिति:२०८२।०६।२१ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०६।२१ गते मङ्गलवार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रौनियार | का.वा. वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री गुणराज ढकाल | नि. प्रमुख प्रशासकीय अधिकृत | |

बैठक संख्या: ८।२०८२-२०८३
बैठक मिति:२०८२।०६।२१ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री दुर्गेश कुमार विश्वकर्मा | प्रशासन शाखा प्रमुख | |
| २ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

प्रस्तावहरु.

१. प्रस्ताव नं. १: साबिक डुम्राहा गा.वि.स मा कवर्ड हलका लागि जग्गा प्राप्ति सम्वन्धमा ।

२. प्रस्ताव नं. २: विविध ।

निर्णयहरु

निर्णय नं.१(क)

संङ्घीय शहरी विकास तथा भवन निर्माण कार्यालय बाट आ.व. २०८२।०८३ मा साविक डुम्राह गा.वि.स. हाल रामधुनी न.पा. अन्तर्गत कवर्डहल निर्माणको लागि रु ३ करोड बजेट विनियोजित गरिएको हुँदा उक्त कवर्डहल निर्माण गर्न निःशुल्क जग्गा प्राप्तिका लागि संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को च.न. २६२ मिति २०८१।१०।२१ को पत्रानुसार आम नागरिकलाई पायक पर्ने गरी मिति २०८२।०६।०५ गतेका दिन प्रकाशित सार्वजनिक सूचना वमोजिम १(एक) मात्र निवेदन रामधुनी नगरपालिका वडा नं. ९ मा रहेको श्री शनिश्चरे मा.वि. ले पेश गरेको शिलवन्दी पत्र खोल्ने निर्णय गरियो ।

बैठक संख्या: ८।२०८२-२०८३
बैठक मिति:२०८२।०६।२१ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.१(ख)

निर्णय नं. १ क बमोजिम रामधुनी न.पा. वडा नं. ९ मा रहेको श्री शनिश्चरे मा.वि. ले आफ्नो नाममा दर्ता कायम रहेको साविक डुम्राहा गा.वि.स वडा नं. १ क (हाल रामधुनी न.पा. वडा नं. ९) को कित्ता नं. २६ को क्षेत्रफल ०-४-९- को जग्गा कवर्डहल निर्माण गर्न जग्गा उपलब्ध गराउन विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०६।०९ गतेको निर्णय सहित अनुरोध भई आएकोले सो जग्गामा कवर्ड हल निर्माण गर्न संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, विराटनगर, मोरङ्ग लाई नियमानुसार निर्माण प्रकृया अगाडी बढाईदिनु हुन सिफारीस गर्ने निर्णय गरियो ।

निर्णय नं.२(क)

रामधुनी न.पा. वडा नं. ८ को च.नं. २७२ मिति २०८२।०६।२१ र वडा नं. २ को च.नं. ७१७ मिति २०८२।०६।२१ गतेको प्राप्त पत्रानुसार दुई वटौ वडाको सिमानामा रहेको ढोक (पुतोधारा) खोलामा मिति २०८२।०६।१८ गते देखिको अविरल वर्षाका कारण होमपाईप सहितको कल्भर्ट क्षती ग्रस्त भएकोले प्राविधिक लागत अनुमान वमोजिम पुन निर्माण गर्न विपद व्यवस्थापन कोष वाट रू ८०,३१७।९९ खर्च हुने गरि निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.२(ख)

रामधुनी न.पा. वडा नं. २ को च.नं. ७१४ मिति २०८२।०६।२१ गतेको पत्रानुसार वडा नं. २ बस्ने जुगेश्वर मोचिको नातिनि विजय कुमार मोचिको छोरा राधा मोची निमुनियाँ सम्बन्धी रोग वाट पिडित भई कोशी अन्चल अस्पतालमा उपचार गराई रहेकाले उक्त विरामी लाई औषधी उपचार का लागि आर्थिक सहयोग वापत रकम रू १०,००० आर्थिक सहयोग शीर्षक वाट भुक्तानी गर्ने निर्णय गरियो ।

बैठक संख्या: ८।२०८२-२०८३
बैठक मिति:२०८२।०६।२१ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ग)**

रामधुनी न.पा. वडा नं. २ को च.नं. ७१६ मिति २०८२।०६।२१ गतेको पत्रानुसार वडा नं. २ बस्ने लाल वावु साहको पत्नी सुशिला कुमारी साह मुटु रोग सम्वन्धी नोवेल मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार गराई रहेकाले उक्त विरामी लाई औंषधी उपचार का लागि आर्थिक सहयोग वापत रकम रू १०,००० आर्थिक सहयोग शीर्षक बाट आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं.२(घ)**

रामधुनी न.पा. वडा नं. ६ निवासी धिरज सदा को माग निवेदन वमोजिम वडा नं. ६ मौजि टोल बस्ने निरज रिषिदेवको श्रीमती मन्जन रिषिदेवको डेलीभरी प्रकृयामा वच्चाको मृत्यु भएकोले निजको अस्पतालमा भएको खर्च भुक्तानी गर्न निजको आर्थिक अवस्था कमजोर रहेकोले रू १५,०००।- आर्थिक सहायता शीर्षक बाट खर्च हुने गरि आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(ङ)**

रामधुनी न.पा. वडा नं. ४ मा रहेको प्रहरी चौकी सिंगिया लालपुर लाई दशैंमा मैलो पुजा वापतको खर्च रू १०,०००।- आर्थिक सहयोग शीर्षक बाट सोधभर्ना गरि भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.२(च)**

रामधुनी न.पा. अन्तर्गत रहेको नगर प्रहरीहरुलाई आवश्यक व्यवस्थापनका लागि चाहिने सामाग्रीहरु तत्तकाल व्यवस्थापन गर्न रामधुनी नगरपालिकाको प्र.प्र.अ लाई निर्देश गर्ने निर्णय गरियो।